**बैठक संख्याः २१६ मितिः २०७७/०७/२४ समयः विहान ११.१५ बजे**

**निर्णयः**

"नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०६/११ को निर्णय अनुसार नेपालको औपचारिक नाम नेपालीमा “संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल” र अंग्रेजीमा “Federal Democratic Republic of Nepal” लेख्ने गरिएकोमा अव उप्रान्त नेपालको औपचारिक नाम नेपालीमा “नेपाल” र अंग्रेजीमा “Nepal” मात्र लेख्ने भन्ने विषयले समितिको ध्यानाकर्षण भएको छ । नेपाली जनताको निरन्तरको संघर्षद्वारा नेपाल एकात्मक राज्यबाट संघीयतामा, निरङ्कुशताबाट लोकतान्त्रिक व्यवस्थामा र संवैधानिक राजतन्त्रबाट गणतन्त्रमा गएको सर्वविदितै छ । युगान्तकारी परिवर्तनले नेपाली जनताको आकांक्षालाई सम्बोधन गर्न ऐतिहासिक संविधान सभाको पहिलो बैठकबाट संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको र संविधान सभाद्वारा जारी नेपालको संविधानले पनि उक्त विषयलाई आत्मसात गरेको छ । तसर्थ हालसम्म नेपालको औपचारिक नामका रुपमा नेपालीमा प्रयोग भइरहेको “संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल” र अंग्रेजीमा “Federal Democratic Republic of Nepal” लाई हाल आएर परिवर्तन गर्दा आम जनमानसमा कतै यसले संघीय संसदको क्षेत्राधिकार ग्रहण र राजनीतिक प्रणाली नै परिवर्तन गर्न खोजेको हो कि भन्ने आशंका उत्पन्न भएको छ । त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य प्रणाली र शासन व्यवस्थालाई अभिव्यक्त गर्ने संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल/Federal Democratic Republic of Nepal लाई परिवर्तन गर्नुपर्ने कारण, यसको आवश्यकता र औचित्यता सहित संघीय संसदमा छलफल पश्चात् मात्र निष्कर्षमा पुग्नु उपयुक्त हुने सुझावसहित हाललाई उक्त निर्णय कार्यान्वयन नगर्न नगराउन राज्य व्यवस्था तथा सुशासन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्लाई निर्देश गर्दछ ।"